जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.नि.हु.का.द.नं. ६/०५४/०६५

वर्ष ४१ अंक ४४ २०८० साल असार १० गते आइतवार (25 June 2023 Sunday) मूल्य रु. ७/-








*यस अंक भित्र* – **पृष्ठ २ मा :** कृषि विश्वविद्यालयको चार वर्षे ... **पृष्ठ ३ मा :** रामायणकी सीताबारे यत्रो विवाद, ... **पृष्ठ ४ मा :** राजनीतिक दल सामन्तवादका ... **पृष्ठ ५ मा :** कावा प्रमुखले आफूखुशी पुनः ...


# बबिता र मनोजबीचको अन्तरजातिय प्रेम विवाहले लियो नयाँ मोड

## जन्मदर्ताका अनुसार बबिताको उमेर १३ वर्ष





**राजविराज**/सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका ४ की बबिता इसर र विष्णुपुर गाउँपालिका ६ का मनोज रामबीचको अन्तरजातिय प्रेम विवाहमा वडा कार्यालयले जन्मदर्ता प्रमाणपत्र बारे ठूलो खुलासा गरेको छ ।

शनिबार अग्निसाइर कृष्णासवरण गाउँपालिका वडा नं. ४ का वडाअध्यक्ष तेजनारायण यादवले पत्रकार सम्मेलन गरि वडा कार्यालयका कार्यालय सहयोगि देवकान्त चौधरीलाई मनोजका आफन्त नारायण राम भन्ने व्यक्तिले प्रलोभनमा पारी किर्ते गरी अर्को जन्मदर्ता निकालेको दाबी गरेका छन् । उनले भने किर्तो गरि निकालिएको सोही जन्मदर्ता कपिलबस्तु जिल्ला अदालतमा पेश गरेको र सोही आधारमा उनको कोर्ट म्यारेज भएको खुलासा गरे ।

पत्रकार सम्मेलनमा कार्यालय सहयोगि देवकान्तले नारायण भन्ने व्यक्तिले आफूलाई १५ हजार रुँपैया दिने प्रलोभन देखाई पुरानो मितिमा बबिताको जन्मदर्ता बनाउन लगाएको र आफू प्रलोभनमा परी त्यसको जालमा फसेको बताए ।

बबिताका अभिभावकले प्राप्त गरेको जन्मदर्ता अनुसार हाल बबिताको उमेर १३ वर्ष मात्र देखिन्छ । तर, सोही कार्यालयबाट नारायणले उमेर बढाउने गरी निकालेको अर्को जन्म दर्ता प्रमाणपत्रबाट बबिताको उमेर २१ वर्ष देखाउछ ।

पत्रकार सम्मेलनमा वडा सचिव रमेश घिमिरेले हाल अपहरण तथा शरीर बन्धक मुद्दामा पूर्पक्षका लागि राजविराज कारागारमा रहेका मनोजलाई जोगाउन उनका आफन्त नारायणले बुनेको योजनामा पैसाको प्रलोभनमा परी कार्यालय सहयोगि देवकान्त फसेको सुनाए ।

पत्रकार सम्मेलनमा कार्यालय सहयोगि देवकान्तले गल्ति स्वीकार्दै भने, "१५ हजार दिन्छु भन्दै लोभ देखाएर पुरानै मितिमा जन्मदर्ता आवेदन दर्ता गर्न लगाए, तर प्रमाणपत्र लिएर गइसकेपछि १५ पैसा नदिई टाप कसे ।"

देवकान्तलाई १५ हजार दिने प्रलोभन देखाई पुरानै मितिमा उमेर बढी देखाउने गरी नारायणले जन्मदर्ता गर्न लगाएको र वडा अध्यक्ष तेजनारायणले फारमभरी ल्याएको कागजमा विश्वासमा परी सिफारिस गरेको वडा सचिव घिमिरेको भनाई छ ।

बबिताका बुवा ललित इसरले जिल्ला प्रहरी कार्यालय सप्तरीमा छोरीलाई वेपत्ता बनाएको भन्दै मनोज बिरुद्ध अदालतमा अभियोगपत्र दर्ता भएपछि न्यायधिश रमेश प्रसाद ज्ञवालीको इजलाशले पुर्पक्षाका लागि राजविराज कारागार चलान गऱ्यो । मनोज अहिले राजविराज कारागारमा छन् भने बबिता उनका श्रीमान मनोजको घरमा बस्छिन् । उनी दिनहुँ जसो अहिले सदरमुकाम राजविराजमा प्रहरी र अदालत बाहिर प्रदर्शन गर्ने गरेका छन् ।

यता बबिताले आफ्नो अपहरण नभएको, राजिखुशीले मनोजसँग प्रेम विवाह गरेको जानकारी दिइन् । उनले आफ्नो बिहे गर्ने उमेर पुगेको दाबी गर्दै जातिय आधारमा भेदभाव गरिएको र झुठो मुद्दा लगाएर श्रीमान मनोजलाई जेल पठाइएको भन्दै रिहाई नगरिएसम्म संघर्ष गरिरहने बताइन् ।

यसरी दुई किसिमको फरक फरक जन्मदर्ताको आधारमा गरिएको निर्णयले वडा कार्यालयसँगै अदालत समेत विवादमा मुछिएको छ । बबिता र मनोज दुबैको अभिभावक भने एक अर्कामाथी किर्ते गरी जन्मदर्ता निकालेको आरोप लगाउँदै गरेको बेला वडा कार्यालयले यस्तो खुलासा गर्दै बबिताका अभिभावकले प्रस्तुत गरेको जन्मदर्ता नै सक्कली भएको दाबी गरेको छ ।

# मनसुन सक्रिय

**काठमाडौं**/गत जेठ ३१ गते नेपाल प्रवेश गरेको यस वर्षको मनसुन प्रणाली शुक्रबार देशभर फैलिएको छ । नेपालभर मनसुन फैलिन आगमनको दिनदेखि यस वर्ष नौ दिनको समय लागेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

यस वर्ष मनसुन प्रणाली कोशी प्रदेश, मधेस र गण्डकी प्रदेशको पूर्वी भू-भाग र बागमती प्रदेशका अधिकांश भू-भागबाट आगमन भएको थियो । देशभर मनसुन फैलिएको र सक्रिय अवस्थामा रहेको हुनाले आगामी तीन दिन असार ८ गतेदेखि १० गतेसम्ममा देशका धेरै स्थानमा मेघगर्जन/चटचाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ ।

साथै मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थानमा भारी वर्षाका साथै सोही प्रदेशका एक/दुई स्थानमा धेरै भारी वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ । मनसुनको समयमा बाढी, पहिरो, डुबान, भू-क्षय, बाटो हिलाम्य हुने तथा ग्रेग्रान बहावजस्ता प्रभावले सडक तथा हवाई यातायात, कृषि, पर्यटन, स्वास्थ्यलगायत क्षेत्रमा प्रभावित हुनसक्ने देखिन्छ ।

खराब मौसमका कारणले हुनसक्ने जोखिम वा क्षतिबाट बच्न आवश्यक सतर्कता अपनाउन महाशाखाले आग्रह गरेको छ ।


## बालविवाह अन्त्य करु

नेपालक कानून अनुसार २० वरषसँ कम उमेरमे बिआह कएनाइ आ करबेना इदण्डनीय अछि । २० वरष पूरा नहि भेल अवस्थामे कएल गेल आऽ कराओल गेल बिआह स्वत: समाप्त होइत अछि । सङ्गहि कसुर कएनिहार व्यक्तिके ३ वरषधरि कैद आ तीस हजार टकाधरि जरिवाना होयबाक कानूनी व्यवस्था अछि ।

बालविवाह सामाजिक तथा कानूनी अपराध छियै । एकरा अन्त्य करए लेल सबगोटे अपन-अपन तरफसँ भूमिका निर्वाह करु । बेटाबेटीके शिक्षामे जोड़ दियौ ।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

## पखालाबाट बचौं र बचाऔं।

पखाला लाग्न नदिन,

- खुलास्थानमा शौच नगरौं, शौचालयको प्रयोग गरौं।
- शौचालयको प्रयोगपश्चात र फोहोर चिज छोएपछि साबुनपानीले मिचिमिचि हात धुने गरौं।
- खाना बनाउनु खुवाउनु र खानु अघि पनि साबुनपानीले हात धुने गरौं।
- उमालेको र फिल्टर गरेको शुद्ध र सफा पानीमात्र पिउने गरौं।
- बासी, सडेगलेका र झिंगा भन्किएका खानेकुरा नखाऔं।
- खानेपानीको मुहान सफा र सुरक्षित राखौं।
- घरका कोठा, आँगन, कौशी, बरण्डा, भान्सा, शौचालय एवं घर वरिपरि सफा राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### जनताको खबरदारी आवश्यक

विकासको नाममा भ्रष्टाचार गर्नु त्यो चाही कानुन विपरीत कार्य तथा जनताको चहानामाथी कुठाराघात गर्नु हो । विकास भन्ने शब्द यस्तो पाटो हो जसले समाजको भौतिक रुपलाई सुन्दर बनाउछ । जुन सबै जनताको पहिलो चाहना र काम गर्ने नेताको पहिलो प्राथमिकतामा पर्दछ । समाजमा परिवर्तन ल्याउनु छ भने सबै भन्दा पहिले विकास अनिवार्य हो । कुनै पनि स्थानको विकास गर्नु अत्यन्त सह्रानिय कार्य हो ।

सप्तरी जिल्ला विकासको पर्खाईमा दशकौंदेखी भौतारिदै छ । विगतको दुई दशक जनप्रतिनिधि विहीन रहेको मुलुकमा विकास त भयो तर, जनताले चाहे अनुसारको भएन्, कर्मचारीको चाहना अनुसारको केही काम भए । विगत चार वर्षदेखी जनताबाट चुनिएर आएका जनप्रतिनिधिहरुले विकास त गर्न तिलमिलाए तर, भ्रष्टाचार समेत गर्न भ्याए । जसकारण कुनै-कुनै स्थानमा त विकासको नाममा ब्रहमलुट नै मचिए । केही प्रतिशतमा विकास भने भएको छ । जुन अत्यन्त सह्रानिय कार्य हो । विकासका लागि जनप्रतिनिधिहरुको सकारात्मक कदम, जनताको साथ र सहज वातावरण आवश्यक पर्दछ । यी तीनै कुरा मिल्न सके मात्र विकास सम्भव छ । होइन भने जति चाहे पनि विकास हुदैन् ।

तसर्थ कुनै पनि स्थानको विकासका लागि सकारात्मक सोच आवश्यक पर्दछ । यसका लागि जनप्रतिनिधिहरु तदारुकताका साथ अगाडी बढ्नु आवश्यक छ भने जनताको खबरदारी पनि उत्तिकै आवश्यक छ ।

# कृषि विश्वविद्यालयको चार वर्षे स्नातक तहको पाठ्यक्रमलाई स्वीकृति प्रदान



**राजविराज**/मधेश कृषि विश्वविद्यालय सभाको बिहीबार सम्पन्न दोश्रो सिनेटको बैठकले चार वर्षे स्नातक बिएसी एजी शैक्षिक कार्यक्रम र कक्षा संचालन, विश्वविद्यालय संचालनका लागि तत्काल आवश्यक शिक्षक, कर्मचारी, दरबन्दी तथा भर्ना, कृषि संकायको चार वर्षे स्नातक तहको पाठ्यक्रमलाई स्वीकृति प्रदान गरेको छ ।

विश्वविद्यालयका सहकुलपति एवं मधेश प्रदेश सरकारका शिक्षा तथा समाज कल्याण मन्त्री महेश प्रसाद यादवको अध्यक्षतमा सम्पन्न सो बैठकले चार वर्षे कृषि स्नातक बिएसी एजी शैक्षिक कार्यक्रमको विद्यार्थी भर्ना सम्बन्धी कार्यविधि २०७९ र विषयगत शिक्षक करार सेवा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७९ लाई पनि अनुमोदन गरेको छ ।

यसैगरि बैठकले प्रदेश कृषि विश्वविद्यालयको नाम प्रदेश सभाबाट मधेश कृषि विश्वविद्यालय ऐन २०७९ अनुसार मधेश कृषि विश्वविद्यालय कायम भएकोले सोही बमोजिम सबै दस्ताबेजहरुमा नाम संशोधनको प्रस्ताव पारित गरेको छ । जग्गा व्यवस्थापन तथा श्रोत जुटाउने सम्बन्धी प्रस्तावलाई पनि स्वीकृति प्रदान गरिएको बैठकका अध्यक्ष एवं शिक्षा मन्त्री यादवले जानकारी दिए ।

सोही बैठकले विश्वविद्यालयमा रिसर्चको काम समेत सुरुवात गर्ने सहमति दिइएको मन्त्री यादवले बताए ।

बैठकमा कृषि विश्वविद्यालयका उपकुलपति तथा सदस्य सचिव डा. बैद्यनाथ महतोले विश्वविद्यालयको प्रगति विवरण तथा प्रस्तावहरु प्रस्तुत गरेका थिए । सिनेटको बैठकमा मधेश कृषि विश्वविद्यालयका सदस्यहरु नाथुप्रसाद चौधरी, लक्ष्मी प्रसाद भट्राई, प्रेम प्रसाद भट्राई, नम्रता सिंह, जगन्नाथ प्रसाद जैसवाल, राजविराज नगरपालिकाका कार्यवाहक प्रमुख एवं विश्वविद्यालयका सदस्य इसरत परबिन लगायतको सहभागिता रहेको थियो ।

## ब्राउन सुगरसहित दुई जना प्रहरी नियन्त्रणमा

**राजविराज**/सप्तरी प्रहरीले लागु औषध ब्राउन सुगरसहित दुई जनालाई नियन्त्रणमा लिएको छ ।

पक्राउ पर्नेमा भारत बिहार राज्यअन्तरगत मधुवनी जिल्ला थाना जयनगर ग्रामपँचायत बेतौन्हा वडा न. ८ वस्ने २९ वर्षिय सन्तोष कुमार साह र सिरहा नगरपालिका १७ निवासी १९ वर्षिय सुरज कुमार पासवान रहेका छन् ।

मधेश प्रदेश प्रहरी जनकपुरधामका अनुसार शनिबार जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका वडा न. १ भारदह चौकमा बिशेष सुचनाको आधारमा मस्जिद नजिक भारतीय बीआर३२आर७७०३ नं. को मोटरसाईकललाई रोकी चेकजाँच गर्ने क्रममा मोटरसाईकल चालक सन्तोष कुमार साहको पाईन्टको खल्तीमा कालो प्लाष्टिकमा लुकाई छिपाई राखेको उक्त पदार्थ बरामद भएको हो ।

ब्राउन सुगर जस्तो देखिने धुलो पदार्थ ४ ग्राम १९ मिली ग्राम रहेको जनाउँदै प्रहरीले सोही मोटरसाईकलमा पछाडी सवार सुरज कुमार पासवान समेतलाई नियन्त्रणमा लिएको छ । हाल दुबैलाई इलाका प्रहरी कार्यालय कंचनपुरमा राखि थप अनुसन्धान भइरहेको मधेश प्रदेश प्रहरीले जनाएको छ ।

## आगो लागेर एक घाइते

**राजविराज**/सप्तरीको कंचनरुप नगरपालिका १२ बस्तिपुरमा ग्यास चुल्होको पाइप लिक भइ आगलागि हुँदा एक जना घाइते भएका छन् ।

स्थानिय ६० वर्षिय खडक नरायण श्रेष्ठको भान्सा कोठामा ग्यास चुल्होको पाईप लिक भएपछि पाईप सच्चाउने क्रममा सो आगलागि हुँदा श्रेष्ठ घाइते भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार आगलागि हुदाँ श्रेष्ठको हात, खुट्टा र टाउँको पोलेर घाईते भएपछि स्थानिय कृति अस्पताल रुपनगरमा उपचार भइरहेको छ ।

आगलागिमा घर भित्र रहेको फ्रिज, चामल, दाल, बल्याङकेट, काठ, फर्निचरको सामान, लत्ता कपडा, भडाबर्तन र घर समेत गरी ४ लाख मुल्य बराबरको क्षति भएको प्रहरीको प्रारम्भिक हनुमान छ ।

आगोलाई कंचनरुप नगरपालिकाको दमकल, नेपाल प्रहरी र स्थानिय बासिन्दाको सहयोगमा नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## गाजा भण्डारण गरेको अवस्थामा एक व्यक्ति पक्राउ

**राजविराज**/घरमै भण्डारण गरि राखेको १६ किलो भन्दा बढी लागुऔषध गाजासहित एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ ।

सप्तरीको कञ्चनपुर नगरपालिका ७ बलुवाबाट प्रहरीले स्थानिय ४० वर्षिय उमेश साहलाई घरमा भण्डारण गरिराखेको अवस्थामा १६ किलो ९ सय ३० ग्राम गाजासहित पक्राउ गरेको हो ।

विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय कंचनपुरबाट खटेको प्रहरी टोलीले साहको घरमा खानतलासी गर्दा घरको माथिल्लो तल्लाको कोठाको बक्सा भित्र कालो प्लास्टिकको पोकाहरुमा प्याक गरी लुकाई छिपाई राखेको उक्त मात्राको गाजा बरामद गरेको मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामले जनाएको छ ।

पक्राउ परेका उमेश साहलाई नियन्त्रणमा लिई ईलाका प्रहरी कार्यालय कञ्चनपुरले थप अनुसन्धान कार्य गरिरहेको प्रहरीले जनाएको छ ।

## लागुऔषध मुद्दाका फरार प्रतिवादी पक्राउ

**राजविराज**/सप्तरी प्रहरीले जिल्लाको राजगढ गाउँपालिकाबाट फरार एक प्रतिवादीलाई पक्राउ गरेको छ ।

प्रहरी चौकी भुट्कीबाट खटेको टोलीले लागु औषध मुद्दामा कैद सजाय पाएर फरार रहेका सो गाउँपालिका वडा नं. ३ निवासी राजाराम यादवलाई सोमबार पक्राउ गरेको मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामले जनाएको छ ।

पक्राउ परेका यादवमाथी लागु औषध मुद्दामा ७ सय जरिवाना र १५ दिन कैद सजाय भएको प्रहरीले जनाएको छ । उनलाई पक्राउ गरी आवश्यक कार्वाहीको लागी जिल्ला प्रहरी कार्यालय सप्तरीमा बुझाइएको छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# रामायणकी सीताबारे यत्रो विवाद, आजकी सीताबारे किन सबै मौन ?

**जीवन क्षेत्री**

नेपालमा पोडकास्टका नाममा कुनै फुर्सदिलो मानिस ल्याएर घन्टौं उसका अन्टसण्टन्ट कुरा सुन्ने र उसको अहंकार तुष्टि गर्ने लहर चल्नुभन्दा पहिल्यैदेखि भृकुटी राई र इतिसा गिरीले चलाउने गरेको 'बोजु बजै' ले सरल भाषामा गहन विषयहरूको उठान र चोटिलो विमर्श गर्दै आएको छ ।

त्यही पोडकास्टको सब्स्ट्याक पेज 'कोल्ड टेक्स बाइ बोजु बजै' बाट हालै मेरो इमेलमा एउटा पोस्ट आयो – ह्वाट वुड सीता डु ?

त्यसको अन्तिमतिर यो अनुच्छेद छ – यदि आजको नेपालमा सीता हुन्थिन् भने रामले परित्याग गरेकी एकल आमा भएकाले उनी वडा कार्यालयमा गएर घोषणा गर्नुपर्थ्यो, मेरा केटाकेटीका बाबु रामको अत्तोपत्तो छैन । त्यसपछि मात्रै उनले आफ्नो नागरिकताका आधारमा सन्तानलाई नागरिकता दिलाउन सक्थिन् । कथंकदाचित रामायणमा भनिएझैं पछि गएर राम केटाकेटीको पितृत्व दाबी गर्न आए भने झुटा बोलेको आरोपमा सीताले जरिवाना तिर्न र जेल जानुपर्थ्यो ।

यो एउटै अनुच्छेदले अहिले नेपालमा एउटा फिल्म र नागरिकता ऐनका विषयलाई लिएर चलिरहेको राष्ट्रवादी हौवालाई जमिनमा अवतरण गराउँछ ।

र, कमै सोधिने तर नसोधी नहुने एउटा प्रश्न सोध्छ – शास्त्रमा लेखिएकी सीताका विषयमा यत्रो विवाद, सरोकार, बहस र खिचातानी हुँदा आजका दिनमा स्वतन्त्र नागरिक बन्ने चेष्टाकै कारण राज्यबाट अपमानित सीताहरूबारे हाम्रो चिन्ता खै? नागरिकता ऐनमा यस्तो विभेदकारी प्रावधान राख्न पाइँदैन भनेर आवाज बुलन्द भएको खै ?

हालै यस विषयमा क्लबहाउसमा भएको एउटा पेचिलो बहसमा मैले उक्त अनुच्छेद पढेर सुनाएँ । पक्ष र विपक्षमा बहस भयो ।

'आदिपुरूष' फिल्मको एउटा संवाद र त्यसका लेखकले बोलेको एउटा वाक्यका कारण काठमाडौं महानगरपालिकामा हिन्दी फिल्म निषेध गर्ने मेयर बालेन शाहको निर्णयको पक्षमा हुने साथीहरूले तर्क गरे :

– राम र सीता बाँचेको समयमा अहिलेको नेपाल र भारत थिएनन् होला तर अहिले त जनकपुर नेपालमा पर्छ र सीता नेपालकी सांस्कृतिक विम्ब बनिसकेकी छन् । त्यसैले उनलाई भारतीय वा भारतमा जन्मेकी भन्न मिल्दैन ।

– भारतले गर्ने धेरै बलमिच्याइँमध्ये सांस्कृतिक थिचोमिचो पनि एक हो । त्यसैले त्यसको जसरी सकिन्छ उसरी प्रतिकार गर्नुपर्छ ।

– कानुनले महानगरको मेयरलाई फिल्म रोक्ने अधिकार नदिएको हुन सक्ला तर देशको सार्वभौमसत्ताको रक्षा गर्नु सबैको कर्तव्य हो भनेर संविधानमै लेखिएको छ, त्यसैले फिल्म रोक्नु उसको कर्तव्य हुन्छ, आदि ।

यो सिंगो प्रकरणमा मेरा तीन आधारभूत तर्क थिए ।

एक, कुनै फिल्ममा भएको संवाद वा त्यसका लेखकले भनेको कुराबाट आक्रोशित हुन वा प्रतिवाद गर्न पाइन्छ । त्यस्तो कलाकर्म बहिष्कार गर्न पनि पाइन्छ । त्यसैले यो प्रकरणमा बालेनले विधिवत रूपमा र निर्विवाद गर्न सक्ने एउटा काम थियो – फिल्म हेर्न हलमा नजाने । वास्तवमा यो त्यतिमै सिद्धिनुपर्ने कुरा थियो ।

दुई, यो देशको सार्वभौमसत्ता के हो र त्यो कसरी सुरक्षित हुन्छ भनेर निर्धारण गर्ने ठेक्का कसको हो? सार्वभौमसत्तामा आँच आउने कुरा हलमा नदेखाइयून् भनेर चलचित्र सेन्सर बोर्ड राखिसकेपछि, उसले एउटा संवाद हटाएर फिल्म देखाउने अनुमति दिएपछि, महानगरले कुन कानुनी प्रावधानमा टेकेर नगर प्रहरी पठाएर फिल्म रोकेको हो ?

तीन, सार्वभौमसत्ता सम्पन्न देशको स्वतन्त्र नागरिक हुनुका नाताले संसारको जहाँसुकै बनेको साहित्य वा कलाकर्म हेर्न, सुन्न वा पढ्न मैले पाउने कि नपाउने? कि मैले अबदेखि आफ्नो र कला-साहित्यको बीचमा 'राष्ट्रवादी' सेन्सरसिपको पर्खाल स्वीकार गर्नुपर्ने हो? हामीले स्थानीय निकायहरूमा काम गर्ने प्रतिनिधि चुनेको हो कि हाम्रा लागि केकस्ता कलाकर्म स्वीकार्य हुन् भनेर सेन्सर गर्ने, हाम्रो विचार निर्माणको प्रक्रियामै हस्तक्षेप गर्ने इरानी पाराको 'मोरालिटी पुलिस' चुनेको ?

यो प्रकरणमा विकास भएका घटनाक्रमहरूले भविष्यमा सिर्जना हुने यस्ता बहसहरू, तिनले बनाउने भाष्य र त्यसले आम नागरिकका जीवनमा पार्ने प्रत्यक्ष प्रभावहरूका कारण यसलाई विस्तारमा बुझ्न र विमर्श गर्न आवश्यक छ ।

जुन समयमा नेपालमा फिल्मविरोधी राष्ट्रवादको उभार आयो, त्यसभन्दा केही दिनअगाडि मात्रै एक युवाले काठमाडौंको केन्द्रमा आत्मदाहको प्रयास गरे । यही उभार चल्दाचल्दै पूर्वबाट चलेको मनसुनको ताण्डवका कारण झण्डै दर्जन जनाको मृत्यु भयो, एक दर्जनभन्दा धेरै मजदुर त एउटै जलविद्युत आयोजनाको स्थलबाट बेपत्ता भए ।

हेर्दा यी दुवै फुटकर घटनाजस्ता लाग्छन् । तर एकपल्ट ठन्डा दिमागले सोचौं त, नागरिकता पाउने संवैधानिक अधिकारका बाबजुद पूर्व राष्ट्रपतिको असंवैधानिक कदम र न्यायालयको निरन्तरको अनुदार रवैयाका कारण वर्षौंवर्ष नागरिकता नपाएका, उच्च शिक्षामा भर्ना हुन र बैंक खातासम्म खोल्न नपाएका झन्डै ६ लाख नागरिकको बिजोग कति गम्भीर कुरा हो ?

त्यस्तै महिनौंको खडेरीपछि देशमा प्रवेश गरेको मनसुनले सुरूआती दिनमै यत्रो धनजनको क्षति गरेपछि अबको डेढ महिनासम्ममा हुन सक्ने क्षति र त्यसको न्यूनीकरणका लागि गर्नुपर्ने तयारी कति गम्भीर कुरा हुन ?

यी दुवैलाई एउटा फिल्ममा 'सीता भारतकी छोरी हुन्' संवाद भन्ने राखिएको कुरा र सामान्य ज्ञानमा कमजोर एउटा भारतीय नागरिकले कुनै बेला नेपाल भारतको भूभाग थियो भनेको बकम्फुसे कुराको सापेक्षमा राखेर हेरौं त !

एकातिर लाखौं मानिसको नैसर्गिक अधिकार कुल्चिएको र दैनिक जीवन चौपट भएको छ । अरू लाखौंलाई यो बर्खाभरि बाँचिने हो कि होइन भन्ने भय छ । अर्कोतिर मानिसहरूको 'भावनामा चोट पुगेको' छ ।

यीमध्ये कुन चाहिँ नेपालको राष्ट्रिय मुद्दा बन्नुपर्थ्यो? सिंगो देश खटिएर समस्याको समाधान खोज्नुपर्थ्यो । अनि कुनलाई खाली बेवास्ता गरे पुग्थ्यो ?

सार्वजनिक विमर्शको यस्तो विषयान्तर असाध्य गम्भीर र डरलाग्दो कुरा हो ।

यी त भए नेपालको परद्वेषी राष्ट्रवादका केही व्यावहारिक पाटा । अब त्यसका केही सैद्धान्तिक पक्ष हेरौं ।

जसरी नश्लभेदी वा जातिभेदीहरूले मानिसलाई नश्ल र जातका आधारमा अपरिवर्तनीय समूहहरूमा बाँड्छन्, उग्रराष्ट्रवादीहरूले पनि राष्ट्रियताका आधारमा मानव जातिलाई त्यसरी नै बाँड्छन् ।

त्यसो गर्नासाथ व्यक्तिका बाँकी सबै पहिचान गौण हुन पुग्छन् । व्यक्ति हाड-छाला भएको, भोक लाग्ने, रोजगारी आवश्यक पर्ने, राज्यप्रति मिश्रित भाव बोकेको विवेकशील मानिसबाट राष्ट्रियताको एक आयामिक पहिचान बोकेर हिँड्ने भीडको एउटा सदस्यमा बदलिन्छ ।

उसको जीवनका अरू सबै मुद्दाहरू ओझेलमा पर्छन् । ऊ परिआएमा संविधान मिच्न वा हिंसामा उत्रिन पनि हिच्किचाउँदैन ।

यस्तो उग्रराष्ट्रवादी भाष्य हावी हुने नेपाल एक्लो देश भने पटक्कै होइन । संसारमा जति पनि तानाशाह वा तानाशाह-अपेक्षीहरू छन्, तीमध्ये सबै जसोले त्यस्तो भाष्यलाई मलजल गर्छन् ।

सिरियाको इस्लामिक स्टेट लगायत आतंककारी समूहहरूले विभिन्न देशमा हत्या र आतंक मच्चाउँथे, अमेरिकामा डोनाल्ड ट्रम्पले धेरै सिंगा मुस्लिम-बहुल देशहरूलाई नै 'मलद्वार-देश' भनेर सूचिकृत गरिदिन्थे । केही आतंककारीहरूको अपराधलाई लिएर सिंगो समुदाय र देशलाई लाञ्छित गर्थे ।

हुँदा हुँदा २०१८ फेब्रुअरी १८ मा ट्रम्पले स्वीडेनमा हुँदै नभएको आतंककारी हमलालाई उद्धृत गर्दै अमेरिकामाथि मडारिइरहेको भनिएको आतंकवादको जोखिमको

बाँकी चार पृष्ठमा


## बाढीबाट बच्ने उपायहरु




अनुरोधकर्ता
तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी

## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईंकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**
**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७१२२२**
**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

# राजनीतिक दल सामन्तवादका किल्ला भए

नेपाली कांग्रेस, एमाले र माओवादी – यी सबै संसदीय प्रणाली स्वीकार गरेर सरकारमा पुगेका दल हुन् । आवधिक निर्वाचन, विधिको शासन र कानुनी राज्यलाई यिनीहरुले औपचारिक रूपमै स्वीकार गरेका छन् । मुलुकमा निरंकुश राजतन्त्रात्मक शासन प्रणालीको अन्त गरेर लोकतन्त्रको स्थापना गर्नका लागि यिनले ऐतिहासिक भूमिका खेलेका हुन् । यसर्थ यी दलको इतिहास गर्विलो छ, तर निरंकुशता विरुद्ध जनवादको पक्षमा लडेका यी दलले आफैंभित्र लोकतान्त्रिक संस्कारको विकास गर्न सकेका छैनन्, यी दलभित्र लोकतन्त्र छैन ।

यी दल सामन्तवादको किल्लामा रूपान्तरित भएका छन् । राजनीतिक दलका नेताको हैसियत अघोषित राजाको जस्तो बन्न पुगेको छ । यी दलका मुख्य नेता मठाधीशजस्ता भएका छन् । उनीहरूले राज्यका तर्फबाट उपभोग गर्ने सुख-सुविधा राजतन्त्रमा राजाहरूले उपभोग गर्ने सुख-सुविधाभन्दा कहीं-कतै कम छैन । स्वास्थ्य उपचारको मामिलामा त यो हिजो राजाहरूले उपभोग गरेको सुविधाभन्दा कैयौं गुनामाथि छ ।

नेताहरूको उच्च स्तरको विलासी जीवनशैली र सानमान समेत राजा-महाराजाको भन्दा कम छैन । आम कार्यकर्ता र मुख्य नेतृत्वबीचको खाडलको कुरा नगरौं, किनकि ती दुवै नदीका दुई किनाराजस्ता भएका छन्, जसको मिलन असम्भव बन्न पुगेको छ । मुख्य नेतासँग कमरेड वा कलिगहरूको सम्बन्ध राजाका शासनका बेला राजा र दरबारियाबीचको सम्बन्धजस्तो बन्न पुगेको छ । नेताहरूसित भेटका लागि ठूलो थैलीवाल हुनु वा पारिवारिक पहुँच हुनु अनिवार्य सर्त बन्न पुगेका छन् । जो हिजो मुख्य नेतृत्वसहित काँधमा काँध मिलाएर सँगसँगै आन्दोलन र क्रान्तिको बलिवेदीमा होमिएका थिए, आज ती पाखा परेका छन् ।

चाकडी चाहने र गर्ने प्रवृत्ति यति बढेको छ, शीर्ष नेताको स्तुतिगान गर्ने वा जयजयकार पुकार्ने काममा हिजोका दरबारिया समेत पछि पर्न थालेका छन् । गणतन्त्रात्मक शासन प्रणालीमा यो चिन्ताजनक अवस्था हो । अर्कोतिर मुख्य नेताहरूमा आलोचना सहने शक्ति समाप्त भएको छ । आफूलाई अब्बल लोकतान्त्रिक साबित गरिरहनुपर्ने बाध्यताका कारण आलोचना गर्नेलाई जेलनेल हाल्न त मिल्दैन, तर आफ्ना आलोचकलाई अन्य विविध माध्यमबाट दण्डित गर्ने काम निर्बाध रूपमा जारी छ । हरेक दलको हकमा यो सत्य हो ।

सामूहिक छलफल र सामूहिक निर्णय गर्ने 'कमिटी प्रणाली' दलहरूमा ध्वस्त भएको छ । सबै दलहरूको विधानमा कमिटी प्रणालीलाई दह्रोसँग पक्रने भनिए पनि ठूल्ठूला निर्णय दलका मुख्य नेताले एक्लै लादै आएका छन् । बैठकहरू दुर्लभ भएका छन् । सबै पार्टीका केन्द्रीय समितिहरू शीर्षस्थ नेताले गरेको निर्णयलाई अनुमोदन गर्ने अस्त्रमा बदलिएका छन् ।

दलका नेता र कार्यकर्ताबीचको सम्बन्ध राजा र रैती, दास र मालिकको जस्तो छ । पार्टीका बैठकहरूमा नेताका गलत काम-कारबाहीबारे कुनै प्रश्न उठ्दैन । दलहरूभित्र सामन्तवादको नयाँ रूप उदय भएको छ ।

राजाको शासनमा जसरी राजपरिवारका सदस्य शक्तिशाली थिए, उनीहरूलाई सत्ता-भत्ताको व्यवस्था हुने गर्थ्यो, ठिक त्यसै प्रकारले शीर्ष नेताको परिवारका सदस्य, नाता-कुटुम्ब र आसेपासेलाई लाभका पद वितरण गरिन्छ । मुलुकमा गणतन्त्र आएको अनुभूति हुन सकेको छैन ।

नेताहरूको दोहोरो जीवनशैली पनि उदेकलाग्दो छ । भ्रष्टाचारमुक्त समाजको निर्माण गर्ने भाषण गर्ने तर व्यवहारमा राजनीतिक नियुक्ति, ठेक्कापट्टा, सरुवा-बढुवा आदिमा कमिसन असुल्ने र पार्टीको नाममा असुलिएको चन्दालाई व्यक्तिगत बनाउने रोगबाट पनि सबै पार्टी ग्रस्त छन् । मुख्य नेताबाट सुरु भएको यो रोग सरुवा रोगजस्तै पार्टीका मझौला र स्थानीय तहको नेतृत्वमा पनि व्याप्त भएको छ ।

बेरोजगार जनशक्तिलाई राजाको शासन भएका उताका खाडीका मुलुकमा पठाउनु, यता गणतन्त्र ल्याएकामा गर्विला भाषण ठोक्नु र दलभित्र सामन्तवादको अभ्यास गरिनु एउटा दुःखद प्रहसनजस्तै भएको छ । रातोपाटीबाट

## *रामायणकी सीताबारे ...*

विषयलाई उराले । पछि गएर धेरैले अनुमान लगाए – ट्रम्प पक्कै पाकिस्तानको सेहवान नामक ठाउँ र स्वीडेन देशको नाममा झुक्किएको हुनुपर्छ किनकि दुई दिनअगाडि सेहवानको एउटा सुफी तीर्थस्थलमा भएको आत्मघाती हमलामा ८५ जना मारिएका थिए ।

साँचो कुरा जेसुकै भए पनि त्यसले ट्रम्पका उग्रसमर्थकहरूलाई केही फरक परेन । उनीहरूलाई जसरी हुन्छ मुसलमानहरूको दानवीकरण गर्नु थियो । त्यही दानवीकरणमा आधारित आप्रवासन नीतिको पैरवी गर्नु थियो । श्वेत सर्वसत्तावादी शासन स्थापित गर्नु थियो ।

आफ्नो विश्वदृष्टि अनुसारको भाष्यले सत्यमा टेकेको होस्, अर्धसत्यमा वा झुटमा, उनीहरूलाई केही फरक पर्दैन थियो । जबसम्म ट्रम्पले उनीहरूका काल्पनिक वैरीहरूमाथि निशाना साँधिरहन्थे, तबसम्म उनले गरेको जुनसुकै भ्रष्टाचार वा दुराचारप्रति आँखा चिम्लिदिन उनीहरू तयार थिए ।

सामाजिक सञ्जालको यो युगमा संसारका सबै देश र समाजहरूमा अहिले यस खाले खतरा छ ।

यो लेखमा मैले जोडेका तीन विषयबीच कस्तो अन्तर्सम्बन्ध छ भनेर बुझ्न एउटा परिदृश्य कल्पना गरौं – नागरिकता नपाएको तोडमा काठमाडौं महानगरको बीचमा रहेको माइतीघरमा आत्मदाहको प्रयास गर्ने नीरजकुमार कामतको पक्षमा बालेनले सटिक र पेचिलो पोस्ट लेख्दै नागरिकताको मुद्दामा देखिएको उग्रराष्ट्रवादलाई ठाडो चुनौती दिएको भए के हुन्थ्यो ?

अथवा किताबभित्रकी सीता माताको जयगान गाउनुको सट्टा अहिले राज्यले दिइरहेको अपमानको विष पिएर सन्तानलाई नागरिकता दिलाउन विवश एकल महिलाहरूको पक्षमा दरो आवाज उठाएको भए के हुन्थ्यो ?

अहिले उनको वाहवाही गरेका अधिकांश राष्ट्रवादीहरू अरिँगालझैं उनीमाथि खनिने थिए । सामाजिक सञ्जालमा उनका प्रशंसक र समर्थकहरूको संख्या ओरालो लाग्ने थियो । उस्तै परे उनले सामाजिक सञ्जालमा देशद्रोही भएको आरोप खेप्नुपर्ने थियो । मानिसहरूको धम्की सुन्नुपर्ने थियो ।

त्यसको बदला विवादित संवाद मेटेर चलचित्र सेन्सर बोर्डले पास गरिसकेको फिल्म मात्र नभई सबै भारतीय फिल्म काठमाडौंका हलमा रोक्ने 'लोकप्रिय' निर्णय गर्दा उनले ठ्याक्कै उल्टो प्रतिक्रिया पाए । उनको चौतर्फी वाहवाही र जयगान भयो । अरू सहरका मेयरहरूसमेत उनको त्यो होडमा सामेल भए ।

अर्थात् भीडको कसैलाई चिढ्याएर भए पनि न्यायको पक्ष लिनुभन्दा भीडको मनोविज्ञान बुझेर भीडकै पछि लाग्न बालेनलाई सहज र लाभदायी भयो ।

नेतृत्वको यस्तो प्रवृत्ति किन खतरनाक हुन सक्छ भन्ने एउटा उदाहरण –

कुनै बेला उग्र नारामार्फत भीडलाई विरोधी पार्टी र यथास्थितिप्रति रूष्ट बनाएर जनमत जितेका डोनाल्ड ट्रम्पले एउटा बिन्दुमा गएर त्यही भीडमाथिको नियन्त्रण गुमाए ।

एउटा भाषणमा उनले 'मैले (कोभिडको) भ्याक्सिन लगाएँ' के भनेका थिए, भीडले उनैलाई उल्लिबिल्ली पारेर अपमानित गर्न थाल्यो ।

पछि गएर उनले भ्याक्सिन लगायतका केही विषयहरूका बारेमा बोल्नै छाडे जसमा उनको घोषित धारणा उनको मुख्य जनमतको भन्दा 'उदार' थियो । अर्थात भीडले उनलाई सेन्सर गर्न थाल्यो, भीडले चाहेको विषयमा आगो ओकल्ने उनी भीडले चित्त दुखाउला जस्तो लागेको विषयमा चुप बस्न थाले । नेतामाथिको आफ्नो यस्तो नियन्त्रणशक्ति पत्ता लगाएको उग्र भीडले उनलाई अझ बढी अनुदार, परद्वेषी र श्वेत सर्वसत्तावादी हुने बाटोमा डोऱ्याउँदै लग्यो ।

रामायणकी सीताका विषयमा रातदिन चिन्ता गर्ने नेपाली राजनीतिका नयाँ नयाँ पात्रहरू आजकी सीतामाथिको ठाडो अन्याय हुँदा मुकदर्शक बनेर बस्नु त्यस्तै भीड-सिर्जित सेन्सरसिपको परिणाम त होइन ?

हो भने यस्तो राजनीतिले हामीलाई जनउत्तरदायी लोकतन्त्रको मुकाममा पुऱ्याउला कि नागरिकलाई भोकभोकै पारेर राष्ट्रवादको नारा उराल्ने अधिनायकवाद वा सर्वसत्तावादको भासमा ? सेतोपाटीबाट

# मधेसलाई उपेक्षा गरियो : महन्थ ठाकुर

**काठमाडौं**/प्रतिनिधिसभा सदस्य महन्थ ठाकुरले मधेस अपहेलित, उपेक्षित र दयनीय अवस्थामा रहेको भन्दै सरकारको ध्यानाकर्षण गराएका छन् ।

प्रतिनिधिसभाको बसेको बैठकमा विभिन्न मन्त्रालयअन्तर्गत विनियोजित बजेटमाथिको छलफलमा उहाँले मधेसको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्थाप्रति संवेदनशील बन्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराएका हुन् ।

उनले भने, "सीता, जनक र गौतम बुद्धको जन्मभूमि मधेस आज अपहेलित, उपेक्षित र दयनीय अवस्थामा छ । बेरोजगारीका कारण युवाहरू विदेशिन बाध्य छन् ।" उनले नागरिकताको विषय, लोकतान्त्रिक मधेस आन्दोलन र सीमा विवादका विषयमा समेत सरकारको ध्यानाकर्षण गराए ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना :**१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**

# कावा प्रमुखले आफूखुशी पुनः निर्णय गरेको भन्दै बोर्डका सदस्यद्वारा बिरोध

**राजविराज**/राजविराजस्थित हटियाको जग्गा अतिक्रमण बारे कार्यवाहक प्रमुखले आफूखुशी पुनः निर्णय गरेको भन्दै बोर्डका सदस्यहरुले पत्रकार सम्मेलन गरि असन्तुष्टि व्यक्त गरेका छन् ।

नगरपालिकाको बोर्डको निर्णय बिरुद्ध कावा प्रमुखले गरेको एकलौटी निर्णयको बिरोधमा आयोजित पत्रकार सम्मेलनमा नगरपालिकाका प्रवक्ता एवं वडा नं. ८ का अध्यक्ष जयनारायण मण्डलस र वडा अध्यक्षसहित १७ जना बोर्डका सदस्यहरुको उपस्थिति रहेको थियो ।

पत्रकार सम्मेलनमा प्रवक्ता मण्डलले २०७९ मंसिर २९ गतेको हटियाको जग्गा अतिक्रमण बारे नगरपालिकाको बसेको बोर्डको बैठकले हटिया अवस्थित राजविराज नगरपालिकाको अधिनस्त जग्गा अतिक्रमण भएको ठहरे जति जग्गा अतिक्रमण हटाई खाली गर्ने निर्णयलाई कार्यान्वयन गर्न माग गरे । उनले ८ मिटर जग्गामा नगरपालिकाले अधिनस्त गरे ४ मिटर जग्गा अझै अतिक्रमित नै रहने दाबी गरे ।

कार्यवाहक प्रमुख इसरत परबिनले २०७९ साल फागुन २८ गते हटिया अनुगमनका क्रममा स्थानियको उपस्थितीमा बाटोको चौडाई ६ मिटर र नाला २ मिटर गरि जम्मा ८ मिटरमा गिलेशनदेखी छोडेर निर्माण कार्य गर्ने एकल निर्णय गरेकोप्रति खेद व्यक्त गरिएको छ ।

यता कार्यवाहक प्रमुख परबिनले हटियामा ८ मिटर जग्गाको डिपिआर भएको दाबी गर्दै सोही अनुसारको आफूले निर्णय गरेको संचारकर्मीलाई जानकारी दिइन् । उनले बाँकी अतिक्रमित जग्गा बारे गिलेशन निर्माणपछि अन्य काममा प्रयोग गर्ने समेत बताए । हाललाई गिलेशनको काम कुनै कारणले प्रभावित नहोस् भन्ने उद्देश्यले त्यस्तो निर्णय गर्न पुगेको लाचारी व्यक्त गरिन् ।

# जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण सार्वजनिक

**काठमाडौं**/नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ को नतिजा सार्वजनिक भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले शुक्रबार एक औपचारिक कार्यक्रमबीच सर्वेक्षणको नतिजा सार्वजनि गरेको हो ।

सन् २०२२को नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण (एनडिएचएस) नतिजाले समग्र नेपालीको स्वास्थ्यमा सुधार भएको देखिएको छ । सर्वेक्षणको नतिजाले नेपालमा मातृ तथा नवजात शिशु स्वास्थ्य हेरचाह, पोषण, प्रजनन तथा बाल स्वास्थ्यमा प्रगति भएको देखाएको छ । नेपालमा सन् १९९६ पछि गरिएको यो छैठौं जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण हो ।

सर्वेक्षणअनुसार नेपाली महिलाले लिने मातृ स्वास्थ्य सेवा पछिल्ला वर्षमा बढ्दोक्रममा देखिएको छ । हाल ९४ प्रतिशत गर्भवती महिलाले दक्ष स्वास्थ्यकर्मीबाट गर्भवती सेवा पाइरहेको देखिएको छ । सर्वेक्षणअनुसार नेपालमा आधाभन्दा बढी ५७ प्रतिशत विवाहित महिलाले परिवार नियोजनको साधन वा विधि प्रयोग गर्छन् । जसमध्ये ४३ प्रतिशतले आधुनिक परिवार नियोजनको साधन वा विधि प्रयोग गर्छन् भने १५ प्रतिशतले परम्परागत विधि प्रयोग गर्ने गरेका छन् । महिला बन्ध्याकरण, डिपो र इम्प्लान्टजस्ता आधुनिक परिवार नियोजनका साधन वा विधि नेपालमा सबैभन्दा बढी प्रयोग भएको पाइएको छ ।

नेपालले कूल प्रजनन् दरलाई दुई दशमलव एकमा घटाउने दिगो विकास लक्ष्य २०३० लाई पूरा गरेको यो अध्ययनबाट देखिएको छ । विगत साढे दुई दशकमा नेपालमा प्रजनन दर आधाले घटेको देखिन्छ । सन् १९९६ मा एक जना महिलाले औसत पाँच बच्चा जन्माउने गरेकोमा सन् २०२२ मा औसत दुई दशमलव एक बच्चा मात्र जन्माउने गरेको देखिएको छ ।

त्यसैगरी, पाँच वर्ष मुनिको बाल मृत्युदर उल्लेखनीयरूपमा घटेको देखिन्छ । सन् १९९६ मा पाँच वर्ष मुनिका प्रति एक हजार जीवित जन्ममा एक सय ९८ को मृत्यु हुने गर्दथ्यो । सो मृत्युदर तुलनात्मकरूपमा घटेर हाल प्रति एक हजार जीवित जन्ममा ३३ को मृत्यु हुने गर्दछ ।

दीर्घकालीन कुपोषणको एउटा सङ्केत पुड्कोपन वा उमेरअनुसार उचाइ कम हुनु हो । यो सर्वेक्षणअनुसार सन् १९९६ मा ५७ प्रतिशत रहेको पुड्कोपन घटेर सन् २०२२ मा २५ प्रतिशतमा झरेको छ ।

यो सर्वेक्षणले स्वास्थ्य क्षेत्रमा धेरै प्रगति भएको देखाए पनि चुनौती अझै बाँकि रहेकोसमेत उल्लेख गरेको छ । नेपालमा छ महिनाभन्दा कम उमेरका शिशुलाई पूर्णरुपमा स्तनपान गराउने प्रवृत्तिमा समयसँगै उतारचढाव भएको देखिन्छ । यस्तो तथ्याङ्क सन् १९९६ मा ७५ प्रतिशत थियो भने सन् २०२२ मा ५६ प्रतिशतमा झरेको छ । विश्व पोषण निर्देशिकाले शिशुलाई बाल मृत्यु तथा अन्य रोगहरुबाट बचाउनको लागि जन्मेको पहिलो छ महिनासम्म पूर्णरुपमा स्तनपान मात्र गराउन सिफारिस गर्दछ । साथै, नवजात शिशु मृत्यु दर पछिल्लो दशकमा प्रतिएक हजार जीवित जन्ममा २१ जना शिशुको मृत्यु हुने गरेको देखिएको छ । किशोरी अवस्थाको प्रजनन दर उच्च रहेको यो अध्ययनबाट देखिन्छ । जसमा १५ देखि १९ वर्ष उमेर समुहका १४ प्रतिशत किशोरी गर्भवती हुने देखिएको छ ।

अघिल्लो सर्वेक्षणको तुलनामा यो सर्वेक्षणमा बाल्यकालको नियमित खोप कभरेज घटेको पाइएको छ । हाल ८० प्रतिशत बालबालिकाले सबै आधारभूत एन्टिजेन्स विरुद्ध खोप लगाएका छन् । जुन २०११ को सर्वेक्षणमा ८७ प्रतिशत थियो ।


यो सर्वेक्षणले कुनै पनि खोप नपाएका बालबालिकाको प्रतिशतमा पनि वृद्धि भएको देखाएको छ । अघिल्लो अर्थात् सन् २०१६ को सर्वेक्षणमा कुनै पनि खोप नपाएका बालबालिकाको सङ्ख्या एक प्रतिशत थियो भने अहिले चार प्रतिशत पुगेको छ ।

नेपालमा १५ वर्ष वा सोभन्दा माथिका १८ प्रतिशत महिला र २३ प्रतिशत पुरुषलाई उच्च रक्तचाप भएको देखिन्छ । यो सर्वेक्षणअनुसार प्रति एक लाख व्यक्तिमध्ये १४ जनाको मृत्यु सडक दुर्घटनाका कारणले हुने गर्दछ । जसमध्ये सबैभन्दा बढि मृत्यु वा घाइते भएका ६८ प्रतिशत सडक दुर्घटना मोटरसाइकलको कारणले हुने गर्दछ ।

यस सर्वेक्षणमा १५ देखि ४९ वर्षसम्मका २२ प्रतिशत महिला र ११ प्रतिशत पुरुषले चिन्ता ( एन्जाइटी)का लक्षण अनुभव गरेका पाइएको छ । त्यसैगरी, १५ देखि ४९ वर्ष उमेर समूहका महिलामध्ये २३ प्रतिशतले कुनै न कुनै समयमा शारीरिक हिंसाको अनुभव गरेको सर्वेक्षणमा उल्लेख छ । नेपालमा ७२ प्रतिशत विवाहित महिलाले आफ्नो स्वास्थ्यको हेरचाह सम्बन्धि निर्णय आफैं वा संयुक्तरुपमा गर्ने गर्दछन् । त्यस्तै ६० प्रतिशत महिलाले घरायसी मुख्य सर-सामान खरिद गर्न र ६८ प्रतिशतले आफ्नो परिवार वा आफन्तलाई भेट्न आफैं वा संयुक्तरुपमा निर्णय गर्दछन् ।

यो सर्वेक्षणमा सबै प्रादेशिकस्तर, शहरी तथा ग्रामीण क्षेत्र, हिमाल, पहाड र तराईका आधारमा जनसाङ्ख्यिक तथा स्वास्थ्य सूचकको अवस्था हेरिएको थियो । सर्वेक्षणका लागि १३ हजार सात सय ८६ घरधुरीमा १५ देखि ४९ वर्ष उमेर समूहका १४ हजार आठ सय ४५ जना महिला र सोही उमेर समूहका चार हजार नौ सय १३ जना पुरुषलाई अन्तरवार्तामा समावेश गरिएको थियो ।

यो सर्वेक्षण स्वास्थ्य मन्त्रालयको नेतृत्वमा न्यू एराले सम्पन्न गरेको हो । यस सर्वेक्षणलाई अमेरिकी अन्तर्राष्ट्रिय सहयोग नियोग (युएसएआइडी)बाट आर्थिक सहयोग प्राप्त भएको थियो । रासस




## अन्तर्राष्ट्रिय समाचार

### ग्रीस डुङ्गा दुर्घटनामा २८० भन्दा बढी पाकिस्तानी परेको आशंका

**इस्लामाबाद**/गत साता ग्रीसमा आप्रवासीको डुङ्गा डुब्दा दुई सय ८० भन्दा बढी पाकिस्तानी युवाहरू परेको उनीहरूका परिवारले आशङ्का व्यक्त गरेका छन् । गत जुन १४ मा लिबियाबाट विश्वको सबैभन्दा घातक सामुद्रिक मार्ग हुँदै विभिन्न एशियाली र अफ्रिकी मुलुकका आप्रवासी लिएर युरोपतर्फ हिँडेको उक्त डुङ्गा आयोनियन सागरमा डुबेको थियो ।

डुङ्गा डुब्दा सयौं मानिस डुङ्गामा थिए भने अहिलेसम्म मृत्यु हुनेको सङ्ख्या ८२ पुगेको छ । घटनामा एक सय चारजनालाई जीवितै उद्धार गरिएको थियो । प्रत्यक्षदर्शीहरूको विवरणअनुसार डुङ्गासँगै सयौं मानिस पानीमा डुबेका थिए र उनीहरूको अवशेष अझै समुद्रमा हराइरहेको छ । पाकिस्तानका गृहमन्त्री राना सनउल्लाहले संसदमा सांसदहरूको सवालको जवाफ दिँदै भन्नुभयो, "अहिलेसम्म दुई सय ८१ पाकिस्तानी परिवारले हामीसँग सम्पर्क गरेका छन् र आफ्ना बच्चाहरू यस दुर्घटनाको सिकार भएको हुन सक्ने बताएका छन् ।"

सनउल्लाहका अनुसार डुङ्गा दुर्घटनामा परेका १२ जना पाकिस्तानी नागरिकलाई सकुशल उद्धार गरिएको थियो । उहाँले भन्नुभयो, "सम्भवतः यसअघि कुनै पनि घटनामा यति ठूलो सङ्ख्यामा मानिसको मृत्यु भएको थिएन ।" पाकिस्तान एक आश्चर्यजनक आर्थिक मन्दीको चपेटामा छ । यसका कारण धेरै पाकिस्तानी परिवारहरू गरिबीमा फसेका छन् र सुरक्षित जीवनको खोजीमा अवैध आप्रवासनले बढावा पाएको छ । प्रायजसो युवाहरू युरोपमा पुगी वित्तीयरूपमा आफूलाई बलियो बनाउन र परिवारको रेखदेखका लागि सम्पत्तिको जोहो गर्न चाहन्छन् ।

तिनीहरूले लिने मार्गहरू भिन्न भिन्न रहने गरेका छन् । कतिपयले कानुनी रूपमा नै उत्तरी अफ्रिकामा पुगी त्यहाँबाट मौका पाउँदा समुद्रको जोखिमपूर्ण यात्रा गर्दै युरोप छिर्छन् भने केहीले इरान र टर्की हुँदै जमिनको बाटो युरोपको यात्रा तय गर्छन् । सीमा रक्षक र प्रहरीलाई चकमा दिनु र सीमित धनको साथ विभिन्न क्षेत्राधिकारहरू मार्फत सार्नु भनेको परिवारहरूसँगको कुराकानी अक्सर अस्पष्ट हुन्छ । यसले गर्दा उनीहरूको सही गतिविधिहरू निर्धारण गर्न गाह्रो हुन्छ ।

पाकिस्तानको फेडरल इन्भेस्टिगेसन एजेन्सी (एफआईए) ले मृतकका परिवारबाट डीएनए नमुना सङ्कलन गरिरहेको छ । अहिलेसम्म एक सय ९३ वटा रगत र कपालको नमुना लिइएको छ । तर बेपत्ता हुनेको सङ्ख्या फेला परेका शवको सङ्ख्याभन्दा निकै बढी छ, जसले पाकिस्तान प्रशासित काश्मिर र पूर्वी पञ्जाब प्रान्तका शोकसन्तप्त परिवारको आशालाई कमजोर बनाएको छ ।

घटनामा दुई भतिजा गुमाएका ५५ वर्षीय जफर इक्बालले भन्नुभयो, "हामीले कम्तीमा पनि शव ल्याउनुपर्छ ताकि आमाबाबु र आफन्तले मानसिक शान्ति पाउन सकून् ।" पाकिस्तान प्रशासित काश्मिरको बन्दली गाउँबाट एएफपीसँग कुरा गर्दै उहाँले भन्नुभयो, "सरकारले जतिसक्दो चाँडो अनुसन्धान पूरा गर्नुपर्छ ।"

पञ्जाव र पाकिस्तान प्रशासित काश्मिरमा स्थानीयका अनुसार विदेश पठाउन 'एजेन्ट' भनिने मानव तस्करहरूको कालो बजार फस्टाउँदै गएको छ, जसले ठूलो शुल्क तिरेर युरोपमा अवैध आप्रवासनको व्यवस्था गर्छन् । इस्लामाबादस्थित एफआईएका एक अधिकारीले एएफपीसँग शुक्रबार भन्नुभयो, "अहिलेसम्म २५ जना एजेन्टलाई पक्राउ गरिएको छ ।" "मानव तस्करविरुद्ध छापा मार्ने काम भइरहेको छ र अनुसन्धान जारी छ," उहाँले भन्नुभयो । एजेन्सी

### टाइटानिकको खोजीमा गएको टालीका पाँचैजनाको मृत्यु

**बोस्टन**/टाइटानिक जहाजको भग्नावशेष नजिकै हराएको पनडुब्बीमा सवार पाँचैजनाको मृत्यु भएको अमेरिकी तटरक्षक बलले बिहीबार जनाएको छ । चार दिनअघि उत्तरी एटलान्टिक महासागरमा यो सानो पर्यटकीय जहाज (पनडुब्बी) हराएपछि विश्वलाई मोहित पार्ने बहुराष्ट्रिय खोज तथा उद्धार अभियानको अन्त्य भएको छ ।

रियर एडमिरल जोन मौगरले बोस्टनमा पत्रकारहरूसँग भन्नुभयो, "विश्लेषणले टाइटानिक जहाजको धनुषबाट एक हजार छ सय फिट (५०० मिटर) टाढा समुद्री सतहमा फेला परेको मलबेलाई पनडुब्बीको 'प्रेसर चेम्बर' को दुर्घटनासँग मिल्दोजुल्दो देखाएको छ ।

"संयुक्त राज्य अमेरिकाको तटरक्षक बल र सम्पूर्ण एकीकृत कमाण्डको तर्फबाट, म परिवारहरूप्रति गहिरो समवेदना व्यक्त गर्दछु," मौगरले भन्नुभयो । जहाजमा बेलायती अन्वेषक हामिश हार्डिङ, फ्रान्सेली पनडुब्बी विशेषज्ञ पल हेनरी नार्गोलेट, पाकिस्तानी-बेलायती टाइकून शाहजादा दाउद र उहाँका छोरा सुलेमान तथा पनडुब्बीको अपरेटर ओसनगेट एक्सपिडिसन्सका कार्यकारी प्रमुख स्टकटन रश हुनुहुन्थ्यो ।

ओसियनगेटले भनेको छ, "यस दुःखद घडीमा यी पाँच आत्मा र उनीहरूका परिवारका हरेक सदस्यप्रति हामी समवेदना व्यक्त गर्दछौं ।" "यी व्यक्तिहरू साँचो अन्वेषकहरू थिए, जसले साहसिक कार्यको अग्रता लिएर विश्वका महासागरहरूको अन्वेषण र संरक्षणका लागि गहिरो चाहना गरेका थिए," ओसिएनगेटको विज्ञप्तिमा भनिएको छ । पानीमुनिको रोबोट 'मलबेको क्षेत्र' अर्थात् टाइटानिकको भग्नावशेष क्षेत्रमा पुगेको तटरक्षक बलले बिहीबार जानकारी गराएको थियो । एजेन्सी

# बजाज खडक वारियर्स फाइनलमा




**राजविराज**/राजविराजमा जारि सप्तरी प्रिमियर लिग अन्तर्गत शनिबारको खेलमा कन्चनरुप राइनोज र बजाज खडक वारियर्स विजयी भएका छन् । लगातार चौंथो खेलमा जितपछि बजाज खडक वारियर्सले फाइनलमा स्थान पक्का गरेको छ ।

शनिबार सम्पन्न पहिलो खेलमा कन्चनरुप राइनोजले राजविराज द किंग्सलाई ९ विकेटले पराजित गरेको छ । राजविराजले दिएको ८६ रनको लक्ष्य कन्चनरुपले ६.३ ओभरमा १ विकेट क्षेतीमा पुरा गर्यो ।

कन्चनरुपको जितमा नारायण जोशीले ५०, दिलिप नाथले अविजित २४ तथा राकेश कामतले १४ रन बनाए । टस हारेर ब्याटिंग गरेको राजविराज द किंग्सले निर्धारित ११ ओभरमा ८ विकेट क्षेतीमा ८५ रन बनायो । वर्षाका कारण खेल ढिला सुरु भएपछि ओभर घटाएर खेलाइएको थियो ।

राजविराजको ब्याटिंगमा ओपनर सन्तोष कार्कीले सर्वाधिक ३० रन बनाए भने प्रतिक श्रेष्ठले १८ तथा अभिषेक कार्कीले अविजित १५ रन बनाए । प्लेयर अफ द म्याच समेत घोषित कन्चनरुपका तिव्र गति बलर राशिद खानले ४ विकेट लिए जुन क्रममा ३ ओभर बलिंग गर्दै १० रन मात्र खर्चिए । सुमित श्रेष्ठले २ तथा चित्र बिस्टले १ विकेट लिए ।

यस्तै दोश्रो खेलमा बजाज खडक वारियर्सले रुपनी राइडर्सलाई ६७ रनले पराजित गर्यो । वारियर्सले दिएको १ सय ७४ रनको लक्ष्य पछ्याएको रुपनीले १६.३ ओभरमा १०६ रन बनाउदा सबै विकेट गुमायो ।

रुपनीको ब्याटिंगमा अरनिको यादवले २८ बलमा ४० रन बनाएता पनि जित्न पर्याप्त रहेन। वारियर्सकोक बलिंगमा अनिल यादव र कप्तान बिबेक यादवले समान ३ विकेट तथा दिनेश अधिकारी र बिशाल सुश्लिंगले २/२ विकेट लिए । यस अघि टस हारेर ब्याटिंग गरेको बजाज खडक वारियर्सले निर्धारित २० ओभरमा ७ विकेट क्षेतीमा १ सय ७३ रन बनाएको थियो ।

खडक वारियर्सको लागि प्लेयर अफ द म्याच समेत घोषित बिशाल सुश्लिंगले सर्वाधिक ६६ रन बनाए जुन क्रममा ३१ बलमा ३ चौका र ७ छक्का प्रहार गरे। निरज यादवले ४१ तथा सन्दिप रजालीले ३० रन बनाए । पाँचौ विकेटको लागि बिशाल र निरजले १०९ रनको साझेदारी गरेका थिए । रुपनीको बलिंगमा जितेन्द्र मुखियाले २ तथा फिर्दोश अन्सारी, अनिल शाह, अरनिको यादव र अशोक मेहताले १/१ विकेट लिए ।

लगातार चौंथो जित पछि एक खेल अगावै फाइनलमा स्थान पक्का गरेको बजाज खडक वारियर्सको ८ अंक छ । हार पछि रुपनी राइडर्स सबै ५ खेल खेल्दा ३ जित र २ हार बेहोर्दै दोश्रो स्थानमा छ । शिर्ष-२ मा रहँदै फाइनल पुग्न रुपनीले अन्य टिमको नतिजामा भर पर्नु पर्नेछ । चौंथो खेल खेल्दा दोश्रो जित दर्ता गरेको कन्चनरुप राइनोज ४ अंक सहित तेश्रो स्थानमा उक्लेको छ । अन्तिम तथा पाँचौ खेलमा हारसँगै डिफेन्डिङ च्याम्पियन राजविराज द किंग्स प्रतियोगिताबाट बाहिर भएको छ । बलान बिहुल सुपर किंग्स र छिन्नमस्ता लायन्स १/१ खेल खेल्न बाँकी हुँदा समान ४ अंक सहित चौंथो र पाँचौ स्थानमा छ ।

# हरिरावामा विद्यालय व्यवस्थापन समिति गठन



**राजविराज**/रुपनी गाउँपालिका वडा नं. २ स्थित बुधेश्वरी आधारभूत विद्यालय हरिरावामा विद्यालय व्यवस्थापन समितिको निर्वाचन सम्पन्न भएको छ ।

अभिभावक मध्येहरुबाट दुई महिला सहित चार जना निर्वाचित गर्न शनिवार भएको मतदानबाट खुल्ला तर्फ दिनेश कुमार साह ९३ मत र सुभाष कुमार विश्वास ९० मत ल्याएर विजयी भएका छन् ।

यसै गरी महिला तर्फ सहेरा खातुन १०० मत र दारो कुमारीले ९३ मत प्राप्त गरी विजयी भएको विद्यालय व्यवस्थापन समिति छनौट सहयोग समितिका संयोजक विदुर विक्रम थापाले जानकारी दिए ।

नौ वर्ष देखि विद्यालय व्यवस्थापन समिति विहिन रहेको उक्त विद्यालयमा अभिभावकहरुबीच सहमति हुन नसक्दा निर्वाचन प्रक्रियाबाट समिति चयन गरिएको संयोजक थापाले बताए ।

कूल २ सय ७ मतदाता रहेकोमा १ सय ९८ जनाले मतदान गरेको विद्यालयका प्रधानाध्यापक महेन्द्र प्रसाद यादवले जनाएको छ ।

# प्रथम मेयर गोल्डकप सुरु



**राजविराज**/प्रथम राजविराज मेयर गोल्डकप फुटबल प्रतियोगिता शनिबारदेखी सुरु भएको छ ।

राजविराजस्थित राजरंगशालामा सुरु भएको उद्घाटन खेलमा महोत्तरीले सिरहालाई २-१ गोल अन्तरले पराजित गर्दै प्रतियोगितामा सुखद सुरुवात गरेको छ ।

महोत्तरीका लागि पारस सुसलिंग र कृष्ण लामाले एक-एक गोल गरे । सिरहाका लागि एक मात्र गोल अमन लामाले खेलको ५८ औं मिनेटमा गरे ।

राजविराज नगरपालिकाको सहयोग तथा जिल्ला फुटबल संघ सप्तरीको आयोजनामा सुरु भएको प्रतियोगिताको राजविराज नगरपालिकाका कार्यवाहक प्रमुख इसरत परविनले उद्घाटन गरे । उनले यस्ता प्रतियोगिताले खेल क्षेत्रको विकास मात्र नभई खेलाडीको विकासका लागि समेत टेवा पुग्ने बताइन् ।

प्रतियोगिता असार १६ सम्म चल्ने छ । प्रतियोगितामा घरेलु टोली सप्तरीका साथै महोत्तरी, सिरहा, धनुषा, सिन्धुली, उदयपुर, सुनसरी र सर्लाहीका गरि कुल ८ टिमको सहभागिता रहेको आयोजक जिल्ला फुटबल संघ सप्तरीका अध्यक्ष राजकुमार परियारले जानकारी दिए ।

उद्घाटन समारोहमा पूर्वमेयर जगरनाथ दास, शैलेश चौधरी, पूर्व राष्ट्रिय खेलाडी जितेन्द्र नारायण देव, जिवन श्रेष्ठ, आलोक विश्वास, श्रीलाल देव, जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख दिनेश भुजेल लगायतको पनि उपस्थिति रहेको थियो ।


**डा. कालीप्रसाद यादव**

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराइड तथा नशा रोग

हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोढुबी

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।

सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी

हनुमाननगर रोड, राजविराज, ९८१७२१५२६, ९८१७७८१९८७


## सर्पदंशसँ अपनो बचू आ दोसरोके बचाबू

१. गर्मी महिनामे घर अगल-बगल साँपक बास स्थल भऽ सकैत अछि । तैं एकर व्यवस्थापन करुं ।
२. घरक अगल-बगलमे साफ सुथरा राखू ।
३. खुल्ला स्थानमे शौच नहि करु आऽ खाली पयर नहि चलू ।
४. राइतक समयमे बाहर जाए परए तऽ टॉर्च लाइट तथा लाठी लऽ कऽ मात्र निकलू ।
५. सुतैतकाल विछाओन नीकसँ विछाबू आऽ मच्छरदानी लगबए नहि बिसरु ।
६. घरमे रहल बोहैर (भूर) सब अविलम्ब बन्द करु । लार,पुआर,जारैन, गोइठा आदि निकालैतकाल सावधानी अपनाऊं ।
७. साँपक काट्लापर तुरन्ते ओहि स्थानमे बैन्डेज या सफा कपडासँ बान्हि कऽ तुरन्ते लगमे रहल अस्पताल वा सर्पदंश उपचार केन्द्रमे लऽ जाऽ कऽ ईलाज कराबू ।
८. साँप काट्ला पर झारफुक या धामीगुणीसँ विषनिकालनाइ जँका अन्धविश्वासमे नहि परुं ।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.

राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit, CITY EXPRESS MONEY TRANSFER, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*